# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
प्रदेश नं. १, नेपाल

### सेनेटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सुचना
### दोस्रो पटक प्रकाशित मिति २०७७/०२/२९

यस गाउँपालिकाको चालु आ.व.२०७६/०७७ को लागि सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम आवश्यक सेनेटरी प्याड सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले निम्न सर्तहरुको अधिनका रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताहरुले लिखित आवेदन सहित यस देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा रु.१,०००।०० -फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नवीकरण गरिएका आपूर्ति फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., मु.अ.कर दर्ता सहित आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु सहित सुचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछ ।

२. दरभाउपत्रपेश गर्दा दरभाउपत्र साथ रु.६२,४००।०० -(अक्षरेपी बासाठी हजार चार सय मात्र) खोलिने मिति देखि गणना हुने गरी ७५ दिन मान्य अवधि रहने गरी नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत पत्र वा देवानगञ्ज गाउँपालिका, देवानगञ्जको **एन आई सि एसिया बैंक**, इनरुवा स्थित धरौटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचार दरभाउपत्र साथ संलग्न गर्नुपर्दछ ।

३. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनमा १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्र पेश कर्ता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयका खोलिनेछ । दरभाउपत्र कर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. आपुर्ति गर्नुपर्ने सेनेटरी प्याडको विवरण दरभाउपत्र फाराम सँगै उपलब्ध गराइनेछ ।

५. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेका अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

६.सेनेटरी प्याडको Expiry Date आपुर्ति गरिने समय देखि कम्तीमा १ वर्ष सम्म रहनुपर्नेछ ।

७. सेनेटरी प्याड आपूर्ति गर्दा नेपार सरकार मन्त्रीपरिषदको सेनेटरी प्याड (वितरण तथा व्यावस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ बमोजिमको मापदण्ड अनुसारको हुनु पर्ने छ ।

८.सेनेटरी प्याड आपुर्ति गर्दा सेनेटरी प्याडको खोलमा **"नेपाल सरकारवाट निशुल्क बितरण को लागि"** भन्ने लोगो हुनुपर्ने छ।

९. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र पेस गर्नेले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत र फर्मको छाप लागेको हुनुपर्ने छ ।

११. एक कम्पनी, फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनी, फर्म वा संस्थाको नाममा दाखिला गर्न पाउने छैन ।

१२. सामाग्रीहरु यस कार्यालयको हाता भित्र आपुर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्बन्धित दरभाउपत्रदाताले व्यहोर्नु पर्नेछ ।

१३. दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन र खोलिने दिन बिदा परेमा सो कार्य सो को भोली पल्ट सोही समयमा हुनेछ ।

१४. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१५. यो सुचना देवानगञ्ज गाउँपालिकाको वेभसाइड www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

### सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण

| सि.नं. | दरभाउपत्र नं. | कुल लागत अनुमान (मु.अ.क. सहित) | कामको विवरण | धरौटी रु. |
|---|---|---|---|---|
| १. | DRM/Sanitary Pad Supply ०१/०७६/०७७ | १२,४८,०००।०० | सेनटरी प्याड | ६२,४००।०० |

२०७७/२/२९

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत